# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड- १ संख्या- ५३ मितिः २०७८/०४/१८

## भाग-२

भरतपुर महानगरपालिका विद्यालय छात्रवृत्ति व्यबस्थापन कार्यविधि, २०७५ (प्रथम संशोधन) २०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका विद्यालय छात्रवृत्ति व्यबस्थापन कार्यविधि,२०७५ (प्रथम संशोधन) २०७८

प्रमाणिकरण मिति: २०७८/०४/१८

प्रस्तावना: भरतपुर महानगरपालिका विद्यालय छात्रवृत्ति व्यबस्थापन कार्यविधि,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रस्तावनामा थप शिक्षा ऐन, २०७५ (संशोधन सहित) को दफा ३७ले

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधि,२०७५को नाम "भरतपुर महानगरपालिका विद्यालय छात्रवृत्ति व्यबस्थापन कार्यविधि, (प्रथम संशोधन) ऐन, "२०७८"रहेको छ ।

२.मूल कार्यविधिको दफा ४.२.१ को खण्ड ग संशोधन

ग) सम्बन्धित वडा शिक्षा समिततिले तोकेको वडा शिक्षा समितिको सदस्य - सदस्य

३.मूल कार्यविधिको दफा ४.२.१ को खण्ड ङ  हटाइएको

४.मूल कार्यविधिको दफा ५.३ मा संशोधन **छात्रवृत्ति छनौट**

५. मूल कार्यविधिको दफा ५.३ को खण्ड क,ख,ग र घ हटाइएको

६. मूल कार्यविधिको दफा ५.३ पछि  ५.३.१ देखि देहायको ५.३.८ थपिएको छ ।

५.३.१ यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भए पनि कक्षा ११ को छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा छात्रवृत्ति व्यवस्थापन समितिले १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी आवेदन दिने विद्यार्थीको विवरण प्राप्त गरी SEE परीक्षाको GP को अङ्कका आधारमा देहायबमोजिम अङ्कभार दिई प्राप्ताङ्कका आधारमा छनौट गर्नुपर्नेछ।

५.३.२ दफा ५.३.१ अनुसार छनौट गर्दा कक्षा ११ को कूल विद्यार्थी संख्याको ५% महानगरपालिकाबाट सिफारिस गरिनेछ र बाँकी ५% आरक्षित कोटाको आधारमा विद्यालय छात्रवृत्ति वितरण समितिको निर्णय अनुसारछनौट हुनेछ।

५.३.३ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसँग विद्यालयले भर्नाशुल्क र मासिक शुल्क लिएको भए फिर्ता गर्नु पर्नेछ।

५.३.४ कक्षा ११ को छात्रवृत्ति छनौट देहायका आधारमा गरिनेछ ।

कक्षा ११ मा विज्ञान विषय ऐच्छिक रुपमा अध्ययन गर्ने विद्यार्थीका लागि:

कक्षा १० को विज्ञान विषयको GP को ५० प्रतिशत

कक्षा १० को गणित विषयको GP को ३० प्रतिशत

कक्षा १० को अङ्ग्रेजी विषयकोGP को २० प्रतिशत

<u>कक्षा ११ मा ऐच्छिक विज्ञान बाहेक अन्य विषय अध्ययन गर्ने विद्यार्थीका लागि:</u>

कक्षा १० को गणित विषयको GP को २५ प्रतिशत

कक्षा १० को अङ्ग्रेजी विषयको GP को २५ प्रतिशत

कक्षा १० को नेपाली विषयको GP को २५ प्रतिशत

कक्षा १० को सामाजिक विषयकोGP को २५ प्रतिशत

५.३.५ दफा ५.३.४ बमोजिम छनौट गर्दा पनि प्राप्ताङ्क बराबर भएमा विज्ञान विषयको लागि क्रमश: विज्ञान, गणित र अङ्ग्रेजीको सैद्धान्तिकको ग्रेडका आधारमा र अन्य विषय अध्ययन गर्ने विद्यार्थीको हकमा क्रमश: गणित, अङ्ग्रेजी, नेपाली र सामाजिक विषयको सैद्धान्तिक ग्रेडका आधारमा क्रम निर्धारण गरिनेछ ।

५.३.६ दफा ५.३.५ बमोजिम छनौट गर्दा पनि प्राप्ताङ्क बराबर भएमा समग्र GPA का आधारमा क्रम निर्धारण गरिनेछ। सो गर्दा पनि प्राप्ताङ्क बराबर भएमा १२ महिनालाई दामासाहीले हुन आउने महिनाको हिसाब गरी उपलब्ध गराइनेछ ।

५.३.७ छात्रवृत्ति वितरण समितिले कक्षा ११ का लागि छात्रवृत्तिमा विद्यार्थी छनौट गर्दा कम्तीमा ५० प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेका विद्यार्थी छनौट गर्नुपर्नेछ। तर सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण विद्यार्थीको पर्याप्त आवेदन नपरी निर्धारित कोटा पूरा हुन नसकेमा बाँकी कोटा संस्थागत विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीलाई उपलब्ध गराई दस प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु पर्नेछ।

५.३.८ अन्य कक्षाको हकमा छात्रवृत्ति वितरण समितिले आवश्यक प्रकृया अपनाई छात्रवृत्तिको लागि छनौट गर्नेछ।

७. मूल कार्यविधिको दफा ५.८ को खण्ड ग पछि देहायको खण्ड घ थपिएको छ

घ) विशेष परिस्थिति परी शैक्षिक सत्र परिवर्तन भएको अबस्थामा महानगरपालिकाले समायावधि परिवर्तन गर्न सक्नेछ ।

प्रमुख

## विद्यालयछात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०७५ (प्रथम संशोधन)

## संशोधन प्रस्ताव

| क्र.सं. | संशोधन/थप हुने / हटाउने दफा/उपदफा | साविकको व्यवस्था | संशोधन/ थप हुनु पर्ने व्यहोरा | संशोधनको औचित्य |
|---|---|---|---|---|
| १ | प्रस्तावना | उल्लेख नगरिएको | शिक्षा ऐन २०७५ को दफा ३७ले दिएको | कार्यविधिमा छुट भएको |
| २ | दफा ४.२.१ को खण्ड ग मा संशोधन | सम्बन्धित वडा समितिले तोकेको वडा समितिको सदस्य- सदस्य | सम्बन्धित वडा शिक्षा समितितले तोकेको वडा शिक्षा समितिकोसदस्य- सदस्य | भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ दोस्रो संशोधनमा वडा शिक्षासमितिको व्यबस्था भएको हुँदा |
| ३ | दफा ४.२.१ को खण्ड ङ हटाउने | सम्बन्धित स्रोतकेन्द्रको स्रोत व्यक्ति - सदस्य | हालस्रोतकेन्द्र रस्रोत व्यक्तिको अबधारणा नरहेको | हालस्रोतकेन्द्र रस्रोत व्यक्तिको अबधारणा नरहेकोले हटाइएको |
| ४ | दफा ५.३ | परीक्षाको किसिम | छात्रवृत्ति छनौट सम्बन्धमा | समय परिस्थिति अनुसार परीक्षा लिन उचित नदेखिएको |
| ५ | दफा ५.३ को खण्ड क,ख,ग र घ हटाइ ५.३.१ देखि ५.३.८ थप | क)का ११ को छावृत्ति छनौटको लागिलिखित परीक्षा संचालन गर्नुपर्नेछ । छावृत्ति छनौटका लागिलिइनेलिखत परीाको भार ७० प्रतिशत र विद्यार्थीले प्राप्त गरेको औसत स्तरीकृत अंक (GPA)को भार ३०प्रतिशत सहित कुल १०० पूणाक रहनेछ ।ख)महानगरपालिकासँगको समन्वयमा छात्रवृत्ति वितरण समितिले आवश्यकता अनुसार थप अय परीक्षाकोसाधनहरू पनि अपनाउन सकिनेछ।ग)तोकएको कोटा भित्र तोकिएको भदा कम वा कोटा अनुसारकै मात्र आवेदन | ५.३.१ यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भए पनि कक्षा ११ को छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा छात्रवृत्ति व्यवस्थापन समितिले १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी आवेदन दिने विद्यार्थीको विवरण प्राप्त गरी SEE परीक्षाको GPको अङ्कका आधारमा देहायबमोजिम अङ्कभार दिई प्राप्ताङ्कका आधारमा छनौट गर्नुपर्नेछ।<br>५.३.२ दफा ५.३.१ अनुसार छनौट गर्दा कक्षा ११ को कूल विद्यार्थी संख्याको ५% महानगरपालिकाबाट सिफारिस गरिनेछ र बाँकी ५% आरक्षित कोटाको आधारमा विद्यालय छात्रवृत्ति वितरण समितिको निर्णय अनुसारछनौट हुनेछ।<br>५.३.३ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसँग | समय परिस्थिति अनुसार परीक्षा लिन उचित नदेखिएको र महानगरपालिकाबाट समेत सिफारिस गर्दा लक्षित वर्गले प्राप्त गर्ने सुनिश्चत भएको हुँदा |

| | | | | |
|---|---|---|---|---|
| | | परेमा<br>आवेदकहलाईअतरवर्ताको आधारमा मात्र पनि छनौट गन सकिनेछ ।घ)अय काको हकमा छावृत्ति वितरण समितिले आवश्यक प्रकृया अपनाई छावृत्तिको लागि छनौट गर्नेछ । | विद्यालयले भर्नाशुल्क र मासिक शुल्क लिएको भए फिर्ता गर्नु पर्नेछ।<br>५.३.४ कक्षा ११ को छात्रवृत्ति छनौट देहायका आधारमा गरिनेछ ।<br><u>कक्षा ११ मा विज्ञान विषय ऐच्छिक रुपमा अध्ययन गर्ने विद्यार्थीका लागिः</u><br>कक्षा १० को विज्ञान विषयको GP को ५० प्रतिशत<br>कक्षा १० को गणित विषयको GP को ३० प्रतिशत<br>कक्षा १० को अङ्ग्रेजी विषयकोGP को २० प्रतिशत<br><u>कक्षा ११ मा ऐच्छिक विज्ञानबाहेक अन्य विषय अध्ययन गर्ने विद्यार्थीका लागिः</u><br>कक्षा १० को गणित विषयको GP को २५ प्रतिशत<br>कक्षा १० को अङ्ग्रेजी विषयको GP को २५ प्रतिशत<br>कक्षा १० को नेपाली विषयको GP को २५ प्रतिशत<br>कक्षा १० को सामाजिक विषयकोGP को २५ प्रतिशत<br>५.३.५ दफा ५.३.४ बमोजिम छनौट गर्दा पनि प्राप्ताङ्क बराबर भएमा विज्ञान विषयको लागि क्रमशः विज्ञान, गणित र अङ्ग्रेजीकोसैद्धान्तिकको ग्रेडका आधारमा र अन्य विषय अध्ययन गर्ने विद्यार्थीको हकमा क्रमशः गणित,अङ्ग्रेजी,नेपाली र सामाजिक विषयको सैद्धान्तिक ग्रेडका आधारमा क्रम निर्धारण गरिनेछ ।<br>५.३.६ दफा ५.३.५ बमोजिम छनौट गर्दा पनि प्राप्ताङ्क बराबर भएमा समग्र GPA का आधारमा क्रम निर्धारण गरिनेछ। सो गर्दा पनि प्राप्ताङ्क बराबर | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएमा १२ महिनालाई दामासाहीले हुन आउने महिनाको हिसाब गरी उपलब्ध गराइनेछ ।<br>५.३.७छात्रवृत्ति वितरण समितिले कक्षा ११ का लागि छात्रवृत्तिमा विद्यार्थी छनौट गर्दा कम्तीमा ५० प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेका विद्यार्थी छनौट गर्नुपर्नेछ। तर सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण विद्यार्थीको पर्याप्त आवेदन नपरी निर्धारित कोटा पूरा हुन नसकेमा बाँकी कोटा संस्थागत विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीलाई उपलब्ध गराई दस प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु पर्नेछ।<br>५.३.८ अन्य कक्षाको हकमा छात्रवृत्ति वितरण समितिले आवश्यक प्रकृया अपनाई छात्रवृत्तिको लागि छनौट गर्नेछ। | |
| ६ | दफा ५.८ | खण्ड घ नरहेको | ५.८ मा खण्ड घ थप विशेष परिस्थिति परी शैक्षिक सत्र परिवर्तन भएको अवस्थामा महानगरपालिकाले समायावधि परिवर्तन गर्न सक्नेछ । | विशेष परिस्थितिको अवस्था भएको |

आज्ञाले

.................................

(भोजराज खतिवडा)

प्रमुख प्रशासकीय अधिकृत